# नेपाल राष्ट्र बैंक

## आर्थिक अनुसन्धान विभाग, बालुवाटार, काठमाडौं

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनाको तथ्याङ्कमा आधारित)*

**प्रमुख झलक**


- *वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ४.10 प्रतिशत रहेको छ ।*
- *आयात ०.६ प्रतिशतले र निर्यात ९.६ प्रतिशतले घटेको छ ।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा १८.० प्रतिशतले बढेको छ ।*
- *शोधनान्तर स्थिति रु.४० अर्ब ९० करोडले बचतमा रहेको छ ।*
- *कुल विदेशी विनिमय सञ्चिति रु.२०९२ अर्ब २२ करोड र अमेरिकी डलरमा १५ अर्ब ५८ करोड रहेको छ ।*
- *नेपाल सरकारको खर्च रु.४० अर्ब २१ करोड र राजस्व परिचालन रु.९४ अर्ब ७४ करोड रहेको छ ।*
- *विस्तृत मुद्राप्रदाय ०.७ प्रतिशतले घटेको छ । वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १४.८ प्रतिशतले बढेको छ ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ०.७ प्रतिशतले घटेको छ र निजी क्षेत्रमा प्रवाहित कर्जा ०.३ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १४.९ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ६.२ प्रतिशत रहेको छ ।*

# मुद्रास्फीति

## उपभोक्ता मुद्रास्फीति

१. २०८१ साउन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.१० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ७.५२ प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.१७ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति २.९४ प्रतिशत रहेको छ । अघिल्लो वर्ष सोही अवधिमा यी समूहहरुको मुद्रास्फीति क्रमश: ८.९० प्रतिशत र ६.६२ प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट १: वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति**




२. समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत तरकारी उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १९.०७ प्रतिशत, दाल तथा गेडागुडीको १२.०९ प्रतिशत, खाद्य तथा खाद्यजन्य

पदार्थको ९.१५ प्रतिशत र दुग्ध पदार्थ तथा अण्डाको ३.६६ प्रतिशतले बढेको छ भने मरमसला उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क २.७५ प्रतिशतले घटेको छ।

**बक्स १: उपभोक्ता मूल्य सूचकाङ्कको आधार वर्ष परिवर्तन**

नेपाल राष्ट्र बैंकले प्रकाशन गर्दै आएको उपभोक्ता मूल्य सूचकाङ्कको आधार वर्ष आर्थिक वर्ष २०८०/८१ कायम गरिएको छ। यस अघि आर्थिक वर्ष २०७१/७२ आधार वर्ष रहेको थियो।

नयाँ उपभोक्ता मूल्य सूचकाङ्कका लागि आवश्यक भाराङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयले २०७९/८० मा सञ्चालन गरेको नेपाल जीवनस्तर सर्वेक्षण चौथोको नतिजामा आधारित छ। नयाँ उपभोक्ता मूल्य सूचकाङ्कमा खाद्य तथा पेय पदार्थ समुहको भार ३५.४९ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको भार ६४.५१ प्रतिशत कायम भएको छ। विगतमा मदिराजन्य पेय पदार्थ, सुर्तिजन्य पदार्थ र रेष्टुरेण्ट तथा होटलको खाना उप-समूहलाई खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत राख्ने गरिएकोमा नयाँ सूचकाङ्क तयार गर्दा ती उप-समूहहरुलाई COICOP (Classification of Individual Consumption by Purpose) 2018 अनुसार गैर-खाद्य तथा सेवा समूह अन्तर्गत राखिएको छ।

मूल्य सूचकाङ्क गणनाका लागि भारित वस्तु डालोमा २४९ वस्तु तथा सेवा समुह अन्तर्गत ५२५ वस्तु तथा सेवाहरुको मूल्य संकलन गरिएको छ। तीमध्ये साप्ताहिक, मासिक र त्रैमासिक रुपमा संकलन हुने वस्तु तथा सेवाहरुको संख्या क्रमशः ५९, ९४ र ३७२ वटा रहेका छन्। नयाँ मूल्य सूचकाङ्क प्रदेशगत रुपमा समेत प्रकाशन गरिनेछ।

मूल्य संकलनका लागि ७७ वटै जिल्ला समावेश हुने गरी तराई क्षेत्रबाट २८, पहाडी क्षेत्रबाट ४३ र हिमाली क्षेत्रबाट १६ गरी जम्मा ८७ वटा बजारकेन्द्रहरु छनौटमा परेका छन्। जसमध्ये २१ वटा ग्रामीण तथा ६६ वटा सहरी बजारकेन्द्रहरु रहेका छन्। प्रदेशगत रुपमा यी बजारकेन्द्रहरु मध्ये कोशी प्रदेशमा १५, मधेश प्रदेशमा १२, बागमती प्रदेशमा १६, गण्डकी प्रदेशमा ११, लुम्बिनी प्रदेशमा १३, कर्णाली प्रदेशमा १० र सुदूरपश्चिम प्रदेशमा १० वटा बजारकेन्द्रहरु रहेका छन्।

नयाँ मूल्य सूचकाङ्क Consumer Price Index Manual 2020 र COICOP 2018 लगायत अन्य अन्तर्राष्ट्रिय अभ्यासहरुमा आधारित रहेको छ।

३. गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ७.९४ प्रतिशत, मदिराजन्य पेय पदार्थको ५.३८ प्रतिशत, कपडाजन्य तथा जुत्ताचप्पलको ४.५८ प्रतिशत र सुर्तीजन्य पदार्थको ३.५२ प्रतिशतले बढेको छ भने विमा तथा वित्तीय सेवा उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्कमा परिवर्तन भएको छैन।

**तालिका १ : वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति**
**(प्रतिशत)**

| विवरण | २०८० साउन | २०८१ असार | २०८१ साउन |
|---|---|---|---|
| **समग्र मुद्रास्फीति** | **७.५२** | **३.५७** | **४.१०** |
| खाद्य तथा पेय पदार्थ | ८.९० | ४.१० | ६.१७ |
| गैर-खाद्य तथा सेवा | ६.६२ | ३.१५ | २.९४ |

४. समीक्षा महिनामा ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ४.२८ प्रतिशतले बढेको छ भने सहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ४.०३ प्रतिशतले बढेको छ।

५. प्रदेशगत रुपमा समीक्षा महिनामा कोशी प्रदेशको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.६१ प्रतिशत, मधेश प्रदेशको ४.१७ प्रतिशत, बागमती प्रदेशको ३.४९ प्रतिशत, गण्डकी प्रदेशको ३.९० प्रतिशत, लुम्बिनी प्रदेशको ३.८१ प्रतिशत, कर्णाली प्रदेशको ३.४६ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ६.६९ प्रतिशत रहेको छ।

६. समीक्षा महिनामा काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.६२ प्रतिशत, तराईको ४.४९ प्रतिशत, पहाडको ३.६७ प्रतिशत र हिमालको ४.५३ प्रतिशत रहेको छ। २०८० साउन महिनामा उक्त क्षेत्रहरुको यस्तो मुद्रास्फीति क्रमशः ८.५० प्रतिशत, ६.७० प्रतिशत, ७.५० प्रतिशत र ११.४६ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

७. २०८१ साउन महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ३.६६ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ४.३४ प्रतिशत रहेको थियो ।

८. समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको वार्षिक बिन्दुगत थोक मुद्रास्फीति क्रमशः १.५१ प्रतिशत, ५.१८ प्रतिशत र २.०८ प्रतिशत रहेको छ । समीक्षा महिनामा निर्माण सामग्रीको थोक मुद्रास्फीति ४.२१ प्रतिशतले घटेको छ ।

### नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति


९. २०८१ साउन महिनामा नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.१० प्रतिशत रहेको छ। सन् २०२४ अगष्ट महिनामा भारतमा यस्तो मुद्रास्फीति ३.६५ प्रतिशत रहेको छ ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

१०. आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनामा कुल वस्तु निर्यात ९.६ प्रतिशतले घटी रु.१२ अर्ब २३ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा ८.७ प्रतिशतले कमी आएको थियो। गन्तव्यका आधारमा भारत, चीन र अन्य मुलुकतर्फ भएको निर्यातमा क्रमशः १०.६ प्रतिशत, ५९.८ प्रतिशत र ३.५ प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा पार्टिकल बोर्ड, पिना, चिया, ऊनी गलैंचा, जुत्ता तथा चप्पल लगायतका वस्तुको निर्यात बढेको छ भने अलैंची, पाम तेल, जिंक शिट, जुटका सामान, तयारी पोशाक लगायतका वस्तुको निर्यात घटेको छ ।

**चार्ट २: वैदेशिक व्यापार (पहिलो महिना)**




११. आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनामा कुल वस्तु आयातमा ०.६ प्रतिशतले कमी आई रु.१२८ अर्ब ३८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा १.६ प्रतिशतले कमी आएको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारतबाट भएको आयात ४.४ प्रतिशतले कमी आएको छ भने चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः १२.० प्रतिशत र ०.४ प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा रासायनिक मल, यातायात उपकरण, सवारी साधन तथा अन्य सवारी साधनका स्पेयर पार्ट्स्, अन्य मेशिनरी तथा पार्टपुर्जा, तयारी पोशाक, खाने तेल लगायतका वस्तुको आयात बढेको छ भने धान तथा चामल, हवाइजहाजका स्पेयर पार्टपुर्जा, हट रोल्ड शिट इन क्वाइल, एम.एस. तार, छड, बार तथा क्वाइल, एम.एस.विलेट लगायतका वस्तुको आयात घटेको छ ।

१२. निर्याततर्फ वीरगञ्ज, कैलाली, कृष्णनगर, तथा नेपालगञ्ज भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ । आयाततर्फ कैलाली, मेची, नेपालगञ्ज, रसुवा तथा तातोपानी भन्सार कार्यालय बाहेकका सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा कमी आएको छ ।

१३. आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनामा कुल वस्तु व्यापार घाटा ०.४ प्रतिशतले वृद्धि भई रु.११६ अर्ब १५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ०.७ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात ९.५ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १०.५ प्रतिशत रहेको थियो।

१४. समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु.१३ अर्ब ९८ करोड बराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु.१७ अर्ब ३० करोड बराबरको भएको थियो।

### वैदेशिक व्यापारको संरचना

१५. वृहत्त आर्थिक वर्गीकरण अनुसार समीक्षा अवधिमा भएको कुल निर्यातमा मध्यवर्ती तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ५४.६ प्रतिशत र ४४.३ प्रतिशत रहेको छ भने पुँजीगत वस्तुको अनुपात नगन्य अर्थात् १.१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा भएको कुल निर्यातमा मध्यवर्ती, पुँजीगत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ५३.६ प्रतिशत, ०.२७ प्रतिशत र ४६.१ प्रतिशत रहेको थियो।

१६. समीक्षा अवधिमा भएको कुल आयातमा मध्यवर्ती वस्तुको अनुपात ५०.७ प्रतिशत, पुँजीगत वस्तुको ९.२ प्रतिशत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात ४०.१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यी अनुपातहरु क्रमशः ५४.९ प्रतिशत, ९.७ प्रतिशत र ३५.४ प्रतिशत रहेका थिए।

### निर्यात-आयात मूल्य सूचकाङ्क

१७. वार्षिक विन्दुगत आधारमा २०८१ साउन महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) २.५ प्रतिशतले बढेको छ भने आयात मूल्य सूचकाङ्क ०.८ प्रतिशतले बढेको छ। २०८१ साउन महिनामा व्यापारको शर्त (Terms of Trade) १.७ प्रतिशतले बढेको छ।

### सेवा

१८. समीक्षा अवधिमा खुद सेवा आय रु.१५ अर्ब २६ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु.११ अर्ब २५ करोडले घाटामा रहेको थियो।

१९. सेवा खाता अन्तर्गत समीक्षा अवधिमा भ्रमण आय ८.१ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ७६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.४ अर्ब ४० करोड रहेको थियो।

**तालिका २: समीक्षा अवधिको शोधनान्तर सम्बन्धी केही परिसूचकहरु**

| विवरण | रकम (रु अर्बमा) | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|
| | २०२३/२४सं | २०२४/२५अ | २०२३/२४ | २०२४/२५ |
| भ्रमण आय | ४.४० | ४.७६ | ५३.५ | ८.१ |
| भ्रमण व्यय | १७.२६ | २२.५० | ५४.० | ३०.४ |
| विप्रेषण आप्रवाह | ११६.०२ | १३६.९३ | २२.८ | १८.० |
| प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह (इक्विटि मात्र) | २.६५ | ०.८० | ५४६.१ | -६९.८ |

*सं-संशोधित अ-अनुमानित*

२०. समीक्षा अवधिमा सेवा खाता अन्तर्गत भ्रमण व्यय ३०.४ प्रतिशतले वृद्धि भई रु.२२ अर्ब ५० करोड पुगेको छ। यसमध्ये शिक्षातर्फको व्यय रु.१४ अर्ब ९२ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु.१७ अर्ब २६ करोड रहेकोमा शिक्षातर्फको व्यय रु. १० अर्ब ७५ करोड रहेको थियो।

### विप्रेषण आप्रवाह

२१. समीक्षा अवधिमा विप्रेषण आप्रवाह १८.० प्रतिशतले वृद्धि भई रु.१३६ अर्ब ९३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २२.८ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह १ अर्ब २ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ८७ करोड ९८ लाख रहेको थियो।

२२. समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ३६,९२८ र पुनः श्रम स्वीकृति लिनेको संख्या २२,६४७ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ३९,१५२ र १६,४२३ रहेको थियो।

२३. समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु.१४८ अर्ब ४९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय १२८ अर्ब २१ करोड रहेको थियो।

## चालु खाता एवम् शोधनान्तर स्थिति

२४. समीक्षा अवधिमा चालु खाता रु.३० अर्ब ८९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.१३ अर्ब ३७ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १० करोड १३ लाखले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा २३ करोड ४ लाखले बचतमा रहेको छ ।

२५. समीक्षा अवधिमा खुद पुँजीगत ट्रान्सफर रु.२२ करोड ३२ लाख कायम भएको छ भने प्रत्यक्ष वैदेशिक पुँजी लगानी आप्रवाह रु. ७९ करोड ९८ लाख रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद पुँजीगत ट्रान्सफर रु.२७ करोड २६ लाख कायम भएको थियो भने प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह (इक्विटि मात्र) रु.२ अर्ब ६५ करोड रहेको थियो ।

२६. समीक्षा अवधिमा शोधनान्तर स्थिति रु.४० अर्ब ९० करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.३६ अर्ब ४३ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा २७ करोड ६३ लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ३० करोड ५१ लाखले बचतमा रहेको छ ।

### बक्स २ : BPM6 मा आधारित शोधनान्तर तथ्याङ्क सम्बन्धी संक्षिप्त नोट

नेपाल राष्ट्र बैंकले अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को शोधनान्तर मार्गदर्शन (Balance of Payments Manual) को पाँचौं संस्करण (BPM5) एवम् सो बमोजिमको शोधनान्तर तथ्याङ्क संकलन निर्देशिका, २०६१ अनुसार शोधनान्तर तथ्याङ्क प्रकाशन गर्दै आएकोमा आर्थिक वर्ष २०७७/७८ देखि BPM5 तालिकालाई IMF को शोधनान्तर तथा अन्तर्राष्ट्रिय लगानी सम्बन्धी मार्गदर्शनको छैंठौं संस्करण (BPM6) ढाँचामा समेत प्रकाशन गर्दै आएको छ । आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनाबाट यस बैंकले BPM6 एवम् सोमा आधारित International Transaction Reporting System Guidelines, 2022 अनुसार प्राप्त तथ्याङ्कको प्रशोधन गरी BPM6 अनुरुपको शोधनान्तर तथ्याङ्क प्रकाशनको थालनी गरेको छ ।


BPM5 अनुसार प्रस्तुत गरिएको ढाँचाको तुलनामा BPM6 अनुसारको ढाँचा फरक रहेको छ । BPM6 बमोजिमको प्रस्तुतिमा चालु खाता (Current Account) र पुँजी खाता (Capital Account) अन्तर्गत क्रेडिट प्रविष्टिहरु (inflows) र डेबिट प्रविष्टिहरु (outflows) लाई  स्तम्भहरु (Columns) मा प्रस्तुत गरिएको छ । वित्तीय खाता (Financial Account) अन्तर्गत “डेबिट” र “क्रेडिट”को ठाउँमा क्रमश: “वित्तीय सम्पत्तिको प्राप्ति (खुद) (Net Acquisition of Financial Assets)” र “दायित्वको सिर्जना (खुद) (net incurrence of liabilities)” प्रयोग गरिएको छ । चालु तथा पुँजी खाताका दुबै क्रेडिट र डेबिट प्रविष्टिहरुलाई धनात्मक चिन्ह (+) मा प्रस्तुत गरिएको छ। सम्पत्ति वा दायित्व वृद्धिलाई जनाउन धनात्मक चिन्ह र सम्पत्ति वा दायित्वमा कमीलाई जनाउन ऋणात्मक चिन्ह प्रयोग गरिएको छ ।

चालु खाता अन्तर्गतका क्रेडिट प्रविष्टिहरुबाट डेबिट प्रविष्टिहरु घटाई खुद चालु खाता (current account balance) र वित्तीय खाता अन्तर्गतका वित्तीय सम्पत्तिको प्राप्ति (खुद) (net acquisition of financial assets) बाट दायित्वको सिर्जना (खुद) (net incurrence of liabilities) घटाई खुद ऋण प्रवाह/खुद उधारो प्राप्ति (net lending/net borrowing) को गणना गरिएको छ । शोधनान्तर बचत जनाउन धनात्मक चिन्ह र शोधनान्तर घाटा जनाउन ऋणात्मक चिन्ह प्रयोग गरिएको छ।

विगतमा BPM5 अनुरुपको तालिकामा एकै शीर्षकमा समेटिएका कतिपय शीर्षकहरुलाई हालको BPM6 अनुरुपको तालिकामा विभिन्न शीर्षकहरुमा विभाजन गरिएको छ भने केहीलाई पुन: वर्गीकरण गरिएको छ । तसर्थ, हाल प्रकाशित BPM6 मा आधारित शोधनान्तर तथ्याङ्कका केही शीर्षकहरुलाई साउन २०८१ भन्दा अगाडि प्रकाशित BPM6 Mapping ढाँचाको तथ्याङ्कसँग प्रत्यक्ष तुलना गर्दा थप विचार पुर्याउन समेत आवश्यक छ ।

## कुल विदेशी विनिमय सञ्चिति

२७. २०८१ असार मसान्तमा रु.२०४१ अर्ब १० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २.५ प्रतिशतले वृद्धि भई २०८१ साउन मसान्तमा रु.२०९२ अर्ब २२ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड रहेकोमा २०८१ साउन मसान्तमा २.० प्रतिशतले वृद्धि भई १५ अर्ब ५८ करोड पुगेको छ।




२८. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८१ असार मसान्तमा रु.१८४८ अर्ब ५५ करोड रहेकोमा २०८१ साउन मसान्तमा १.९ प्रतिशतले वृद्धि भई रु.१८८३ अर्ब ४२ करोड पुगेको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तमा रु.१९२ अर्ब ५५ करोड रहेकोमा २०८१ साउन मसान्तमा ८.४ प्रतिशतले वद्धि भई रु.२०८ अर्ब ७९ करोड कायम भएको छ। २०८१ साउन मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२.६ प्रतिशत रहेको छ।

## सञ्चिति पर्याप्तता सूचक

२९. आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १६.७ महिनाको वस्तु आयात र १३.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। २०८१ साउन मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः ३६.७ प्रतिशत, ११२.५ प्रतिशत र ३०.३ प्रतिशत रहेका छन्। २०८१ असार मसान्तमा यी अनुपातहरु क्रमशः ३५.८ प्रतिशत, १०८.६ प्रतिशत र २९.३ प्रतिशत रहेका थिए।

## कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

३०. अन्तर्राष्ट्रिय बजारमा २०८० साउन मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ८५.२४ रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०८१ साउन मसान्तमा ४.३ प्रतिशतले कमी आई अमेरिकी डलर ८१.५६ कायम भएको छ। त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०८० साउन मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर १८९६.३५ रहेकोमा २०८१ साउन मसान्तमा ३१.१ प्रतिशतले वृद्धि भई अमेरिकी डलर २४८५.८० पुगेको छ।

## विनिमय दर

३१. २०८१ असार मसान्तको तुलनामा २०८१ साउन मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ०.५ प्रतिशतले अवमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ १.० प्रतिशतले अवमूल्यन भएको थियो। २०८१ साउन मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१३४.०२ पुगेको छ। २०८१ असार मसान्तमा उक्त विनिमय दर रु.१३३.३६ रहेको थियो।

# सरकारी वित्त स्थिति

## नेपाल सरकार
## खर्च तथा राजस्व

३२. नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनामा नेपाल सरकारको कुल खर्च रु.४० अर्ब २१ करोड रहेको छ । समीक्षा अवधिमा चालु खर्च रु.१२ अर्ब ३८ करोड, पुँजीगत खर्च रु.८ अर्ब ५५ करोड र वित्तीय व्यवस्था खर्च रु.१९ अर्ब २७ करोड रहेको छ ।

**तालिका ३ : सरकारी खर्च तथा राजस्व (पहिलो महिनासम्म)**

| विवरण | रकम (रु.अर्बमा) | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ |
| **कुल खर्च** | **२२.२६** | **३५.०४** | **४०.२१** | **५७.४** | **१४.८** |
| *चालु खर्च* | *५.६६* | *१२.१४* | *१२.३८* | *११४.५* | *२.०* |
| *पुँजीगत खर्च* | *१.४८* | *०.८२* | *८.५५* | *-४४.६* | *९३९.३* |
| *वित्तीय व्यवस्था* | *१५.१२* | *२२.०८* | *१९.२७* | *४६.०* | *-१२.७* |
| **राजस्व परिचालन** | **७९.७२** | **७८.८७** | **९४.७४** | **-१.१** | **२०.१** |
| *कर राजस्व* | *७०.६४* | *७०.१८* | *७७.४१* | *-०.७* | *१०.३* |
| *गैर-कर राजस्व* | *९.०८* | *८.७०* | *१७.३३* | *-४.२* | *९९.२* |

*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

३३. समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु.९४ अर्ब ७४ करोड पुगेको छ । यस अन्तर्गत कर राजस्व रु.७७ अर्ब ४१ करोड र गैर कर राजस्व रु.१७ अर्ब ३३ करोड परिचालन भएको छ (तालिका ३) ।

### नेपाल सरकारको नगद मौज्दात

३४. २०८१ साउन मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.१९७ अर्ब ८२ करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकमसमेत) नगद मौज्दात रहेको छ । २०८१ असार मसान्तमा यस्तो मौज्दात रु.९९ अर्ब २७ करोड रहेको थियो ।

## प्रदेश सरकार
## खर्च तथा राजस्व


३५. समीक्षा अवधिमा प्रदेश सरकारहरुको कुल खर्च रु.१ अर्ब ६२ करोड र स्रोत परिचालन रु.७ अर्ब ९१ करोड रहेको छ । प्रदेश सरकारहरुको कुल स्रोत परिचालनमा नेपाल सरकारले हस्तान्तरण गरेको अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु.५ अर्ब २० करोड र प्रदेश सरकारहरुले परिचालन गरेको तथा अन्य स्रोतबाट प्राप्त राजस्व रु.२ अर्ब ७१ करोड रहेको छ ।

# मौद्रिक स्थिति

## मुद्राप्रदाय

३६. आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनामा विस्तृत मुद्राप्रदाय ०.७ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय २.३ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ साउन मसान्तमा विस्तृत मुद्राप्रदाय १४.८ प्रतिशतले बढेको छ ।

**चार्ट ४: मुद्राप्रदायको वृद्धिदर (साउन)**
**(वार्षिक बिन्दुगत)**




३७. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.४० अर्ब ९० करोड (२.१ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु.३६ अर्ब ४३ करोड (२.५ प्रतिशत) ले बढेको थियो ।

३८. समीक्षा अवधिमा सञ्चित मुद्रा ३.८ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ९.६ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ साउन मसान्तमा सञ्चित मुद्रा १५.३ प्रतिशतले बढेको छ ।

## कुल आन्तरिक कर्जा

३९. आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनामा कुल आन्तरिक कर्जा ०.८ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा २.३ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ साउन मसान्तमा यस्तो कर्जा ७.७ प्रतिशतले बढेको छ ।

४०. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको सरकारमाथिको खुद दाबी ७.० प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी १३.८ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ साउन मसान्तमा यस्तो दाबी १२.२ प्रतिशतले बढेको छ ।

४१. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ०.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी ०.३ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ साउन मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ६.५ प्रतिशतले बढेको छ ।

## निक्षेप परिचालन

४२. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप रु.४३ अर्ब ४५ करोड (०.७ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप रु.१३३ अर्ब २४ करोड (२.३ प्रतिशत) ले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १४.९ प्रतिशतले बढेको छ ।

**तालिका ४: बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा)**

| निक्षेप | असार मसान्त | | साउन मसान्त | |
|---|---|---|---|---|
| | २०८० | २०८१ | २०८० | २०८१ |
| चल्ती | ७.७ | ५.८ | ५.० | ५.० |
| बचत | २६.६ | ३०.३ | २६.७ | ३०.३ |
| मुद्दती | ५८.८ | ५६.४ | ६१.३ | ५७.५ |
| अन्य | ६.८ | ७.५ | ७.० | ७.२ |


४३. २०८१ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमश: ५.० प्रतिशत, ३०.३ प्रतिशत र ५७.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमश: ५.० प्रतिशत, २६.७ प्रतिशत र ६१.३ प्रतिशत रहेको थियो (तालिका ४) ।

४४. २०८१ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३५.९ प्रतिशत रहेको छ । २०८० साउन मसान्तमा यस्तो निक्षेपको अंश ३५.२ प्रतिशत रहेको थियो ।

## कर्जा प्रवाह

४५. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रु.१४ अर्ब ११ करोड (०.३ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा रु.४ अर्ब ३५ करोड (०.१ प्रतिशत) ले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०८१ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.२ प्रतिशतले बढेको छ ।

**चार्ट ५: निक्षेप तथा कर्जा वृद्धिदर (साउन) (वार्षिक बिन्दुगत)**




४६. २०८१ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६३.४ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश

३६.६ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६४.० प्रतिशत र ३६.० प्रतिशत रहेको थियो।

४७. समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह ०.३ प्रतिशतले र वित्त कम्पनीहरुको कर्जा प्रवाह १.१ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको कर्जा प्रवाह ०.३ प्रतिशतले घटेको छ।

४८. २०८१ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये १३.३ प्रतिशत कर्जाको लागि चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) सुरक्षणको रुपमा रहेको छ भने ६६.३ प्रतिशत कर्जाको लागि घर जग्गा धितो सुरक्षण रहेको छ। २०८० साउन मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः १२.१ प्रतिशत र ६७.१ प्रतिशत रहेको थियो।

४९. आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनामा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये कृषि क्षेत्रतर्फ प्रवाह भएको कर्जा ०.५ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ०.१ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १.६ प्रतिशतले, सेवा उद्योग क्षेत्रतर्फको कर्जा ०.६ प्रतिशतले र उपभोग्य क्षेत्रतर्फको कर्जा ०.१ प्रतिशतले बढेको छ भने निर्माण क्षेत्रतर्फको कर्जा ०.४ प्रतिशतले र थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा ०.२ प्रतिशतले घटेको छ।

५०. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जामध्ये आवधिक कर्जा ०.३ प्रतिशतले, मार्जिन प्रकृतिको कर्जा १.५ प्रतिशतले र ट्रष्ट रिसिट (आयात) कर्जा ९.४ प्रतिशतले, हायर पर्चेज कर्जा ०.०३ प्रतिशतले र रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जासमेत) ०.१ प्रतिशतले बढेको छ भने अधिविकर्ष कर्जा ३ प्रतिशतले र नगद प्रवाह कर्जा ०.२ प्रतिशतले घटेको छ।

## तरलता व्यवस्थापन

५१. समीक्षा अवधिमा निक्षेप संकलन बोलकबोलमार्फत रु.८७ अर्ब ८० करोड र स्थायी निक्षेप सुविधामार्फत रु.४३८८ अर्ब ६५ करोड गरी कुल रु.४४७६ अर्ब ४५ करोड (कारोबारमा आधारित) तरलता प्रशोचन गरिएको छ। अघिल्लो वर्षको सोही अवधिमा ओभरनाइट तरलता सुविधा र स्थायी तरलता सुविधा लगायतका उपकरणहरुमार्फत खुद रु.२३६ अर्ब २९ करोड तरलता प्रवाह गरिएको थियो।

५२. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ४१ करोड ३४ लाख खुद खरिद गरी रु.५५ अर्ब ४२ करोड तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ४६ करोड ३७ लाख खुद खरिद गरी रु.६१ अर्ब २२ करोड तरलता प्रवाह गरिएको थियो।

५३. समीक्षा अवधिमा अमेरिकी डलर ३४ करोड १० लाख बिक्री गरी रु.४५ अर्ब ७१ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ। अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २४ करोड बिक्री गरी रु.३१ अर्ब ६७ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो।

## अन्तर-बैंक कारोबार

५४. आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनामा वाणिज्य बैंकहरुको रु.५१ अर्ब ५० करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकहरुबीच बाहेक) को रु.६५ करोड गरी कुल रु.५२ अर्ब १५ करोडको अन्तर-बैंक कारोबार भएको छ। अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको रु.५६१ अर्ब ६७ करोड र अन्य वित्तीय संस्थाहरुको रु.९३ अर्ब ७७ करोड गरी कुल रु.६५५ अर्ब ४४ करोडको अन्तर बैंक कारोबार भएको थियो।

### ब्याजदर

५५. २०८० साउनमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ५.९२ प्रतिशत रहेकोमा २०८१ साउनमा २.९४ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरुबीचको अन्तर बैंक कारोबारको भारित औसत ब्याजदर २०८० साउनमा ५.८७ प्रतिशत रहेकोमा २०८१ साउनमामा २.९९ प्रतिशत रहेको छ (तालिका ५) ।

| तालिका ५ : भारित औसत ब्याजदर (प्रतिशत) | | |
|---|---|---|
| शीर्षक | २०८० साउन | २०८१ साउन |
| ९१-दिने ट्रेजरी बिल | ५.९२ | २.९४ |
| औसत अन्तर बैंक दर | ५.८७ | २.९९ |
| औसत आधार दर | | |
| वाणिज्य बैंक | १०.११ | ७.६१ |
| विकास बैंक | ११.८७ | ९.२८ |
| वित्त कम्पनी | १३.२८ | १०.७५ |
| निक्षेपको ब्याजदर | | |
| वाणिज्य बैंक | ८.०० | ५.६६ |
| विकास बैंक | ९.२८ | ६.४६ |
| वित्त कम्पनी | १०.१३ | ७.७१ |
| कर्जाको ब्याजदर | | |
| वाणिज्य बैंक | १२.२४ | ९.६८ |
| विकास बैंक | १३.८८ | ११.०७ |
| वित्त कम्पनी | १४.६६ | १२.३२ |

५६. २०८१ साउनमा वाणिज्य बैंकहरुको औसत आधार दर ७.६१ प्रतिशत, विकास बैंकहरुको ९.२८ प्रतिशत र वित्त कम्पनीहरुको १०.७५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको साउनमा वाणिज्य बैंकहरुको औसत आधार दर १०.११ प्रतिशत, विकास बैंकहरुको ११.८७ प्रतिशत र वित्त कम्पनीहरुको १३.२८ प्रतिशत रहेको थियो ।

५७. २०८१ साउनमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ५.६६ प्रतिशत, विकास बैंकहरुको ६.४६ प्रतिशत र वित्त कम्पनीहरुको ७.७१ प्रतिशत रहेको छ । २०८० साउनमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ८.०० प्रतिशत, विकास बैंकहरुको ९.२८ प्रतिशत र वित्त कम्पनीहरुको १०.१३ प्रतिशत कायम भएको थियो । त्यसैगरी, २०८१ साउनमा वाणिज्य बैंकहरुको कर्जाको भारित औसत ब्याजदर ९.६८ प्रतिशत, विकास बैंकहरुको ११.०७ प्रतिशत र वित्त कम्पनीहरुको १२.३२ प्रतिशत रहेको छ । २०८० साउनमा वाणिज्य बैंकहरुको कर्जाको भारित औसत ब्याजदर १२.२४ प्रतिशत, विकास बैंकहरुको १३.८८ प्रतिशत र वित्त कम्पनीहरुको १४.६६ प्रतिशत रहेको थियो ।

## वित्तीय पहुँच


५८. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०८१ साउन मसान्तमा १०७ रहेको छ (तालिका ६) । यसमध्ये २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०८१ असार मसान्तमा ११,५३० रहेकोमा २०८१ साउन मसान्तमा ११,५४१ भएको छ ।

| तालिका ६: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या* | | | | | | |
|---|---|---|---|---|---|---|
| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | | |
| | २०८० असार मसान्त | २०८१ असार मसान्त | २०८१ साउन मसान्त | २०८० असार मसान्त | २०८१ असार मसान्त | २०८१ साउन मसान्त |
| वाणिज्य बैंक | २० | २० | २० | ५०४९ | ५०५६ | ५०६३ |
| विकास बैंक | १७ | १७ | १७ | ११२८ | ११३५ | ११३५ |
| वित्त कम्पनी | १७ | १७ | १७ | २८४ | २८८ | २८८ |
| लघुवित्त वित्तीय संस्था | ५७ | ५२ | ५२ | ५१२८ | ५०५१ | ५०५५ |
| पूर्वाधार विकास बैंक | १ | १ | १ | – | – | – |
| **जम्मा** | **११२** | **१०७** | **१०७** | **११५८९** | **११५३०** | **११५४१** |

*यस सम्बन्धी अद्यावधिक विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ ।

# पुँजी बजार

५९. २०८० साउन मसान्तमा २०३३.१४ रहेको नेप्से सूचकाङ्क २०८१ साउन मसान्तमा ३०००.८१ कायम भएको छ ।



चार्ट ६: नेप्से सूचकाङ्क

६०. २०८१ साउन मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.४७६५ अर्ब ९१ करोड कायम भएको छ । २०८० साउन मसान्तमा बजार पुँजीकरण रु.३०४३ अर्ब १ करोड रहेको थियो ।

६१. २०८१ साउन मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २६८ पुगेको छ । सूचीकृत कम्पनीहरुमध्ये १३० बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ९१ जलविद्युत् कम्पनी, २२ उत्पादन तथा प्रशोधन उद्योग, ७ होटल, ७ लगानी कम्पनी, ४ व्यापारिक संस्था र ७ अन्य समूहका रहेका छन् । २०८० साउनमा सूचीकृत कम्पनीहरूको संख्या २५४ रहेको थियो ।

६२. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ५७.९ प्रतिशत रहेको छ । त्यसैगरी, जलविद्युत् कम्पनीको हिस्सा १५.४ प्रतिशत, लगानी कम्पनीको हिस्सा ८.० प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ५.७ प्रतिशत, होटेलको हिस्सा २.९ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.५ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ९.५ प्रतिशत रहेको छ ।

६३. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८१ साउन मसान्तमा सूचीकृत ८ अर्ब ३४ करोड शेयरको चुक्ता मूल्य रु.८२६ अर्ब ५२ करोड रहेको छ ।

६४. आर्थिक वर्ष २०८१/८२ को एक महिनामा रु.१ अर्ब ८३ करोड बराबरको थप बोनस शेयर सूचीकृत भएको छ ।